**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ जून २०२४

समयः १५:४५ – १५:५५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. १८ औं लोकसभाको अध्यक्षको रूपमा सत्तारूढ़ एनडिए गठबन्धनले द्वेसो पल्ट ओम ड़िलाको नामको प्रस्ताव गरेको छ भने विपक्षसलो उपाध्यक्षकत्रपद नदिएको खण्डमा उम्मेद्वार बड़ा गर्ने कुरा गरिरहेको छ।
२. प्रधानमं.त्री नरेन्द्र मोदीले १९७५ मा देशमा आपातकाल लागाई आम जनताको अधिकार र संविधानाई कुल्चिने पार्टीले संविधान प्रति प्रेम देखाने अधिकार छैन भन्नुभएको छ।
३. वित्त मंत्री निर्मला सीतारमनले बजट पूर्व परामर्श बैठक जारी राख्दै आज नयाँ दिल्लीमा व्यापार तथा सेवा क्षेत्रका प्रतिनिधिहरूसितको बैठकको अध्यश्क्षता गर्नुंभयो।
४. वर्ष भएता पनि राष्ट्रिय राजधानी दिल्लीमाा जलसंकट जारी छ । दिल्लीकी जलमंत्री आतिशीले अनिश्चितालील भोकहड़तान समाप्त गरेकी छन्।
५. आईसीसी टि-२० विश्व कपको सेमी फाइनलमा २७ जूनको दिन भारत र ईंगल्याण्डबीच भीड़न्त हुनेछ भने अर्को सेमी फाइनल सोही दिन दक्षिण अफ्रिका र अफगानिस्तान बीच खेलिने छ।

**लोकसभा शपथ**

१८ओं लोकसभाको दोस्रो दिन नवनिर्वाचित सांसदहरुलाई सदनको सदस्यको रूपमा शपथ ग्रहणका साथ शुरू भएको छ। सदनको दोस्रो दिन कांग्रेसको एडवोकेट गोवाल कागडा पदवीले हिन्दी भाषामा शपथ ग्रहण गर्नुभयो, भने अन्य पार्टीका सांसद बच्छव शोभाले मराठी भाषामा शपथ ग्रहण गर्नुभयो। भारतीय जनता पार्टीका सांसद स्मिता उदय वाघले मराठी भाषामा शपथ ग्रहण गर्नुभयो। अन्य पार्टीका सांसद अनुप संजय धोत्रेए कांग्रेसका बलवंत बासवंत वानखेडेए एनसीपी (शरद पवार)का अमर शरदराव कालेए कांग्रेसका श्याम कुमार दौलत बारवेए शिवसेनाका डॉ.श्रीकांत एकनाथ शिंदेए शिवसेनाका नरेश गणपत महस्के अनि अन्य सांसदहरुलाई पनि शपथ ग्रहण गरिइयो । शपथ ग्रहण कार्यक्रम जारी छ।

****** ० ******

**लोकसभा अध्यक्ष**

१८ओ लोकसभाको अध्यक्ष पदका लागी भारतीय जनता पार्टीका वरिष्ठ सांसद ओम बिरला राष्ट्रीय जनतांत्रिक गठबंधन. एनडीएका उमेदवार हुनेछन्। सूत्रले यस कुराको पुष्टि गरेको छ। सरकारले ओम बिरलाको नाममा सहमतिको लागी विपक्ष संग संपर्क गरि सकेकोछ। केंद्रीय मंत्री राजनाथ सिंहए अमित शाह अनि पीयूष गोयलले कांग्रेसका नेता केण्सी वेणुगोपाल अनि डी.एम.के नेता टीआर बालू सँग बैठक गर्नुभयो। सरकार अनि विपक्ष माझ आहिले सम्म सहमति नबनेको सुत्रले जानाएको छ। विपक्षी पार्टिले पनि अध्यक्ष पदका लागी आफ्नो उम्मीदवारहरुको नामको घोषणा गर्न सक्नेछन्।यस बीचए कांग्रेसका सांसद राहुल गांधीले भन्नु भएको छ विपक्षए अध्यक्ष उम्मीदवारलाई आफ्नो समर्थन दिनको लागी तयार छए तर उपाध्यक्ष पदको लागी विपक्षी पार्टीका उम्मीदवार हुनु पर्ने छ। संसद परिसरमा आज मीडिया सँग कुराकानी गर्नुहुदै राहुल गांधीले राजनाथ सिंहले मल्लिकार्जुन खरगे सँग भेटघाट गरेको बताउनुभयो ।

****** ० ******

**संशो. प्रधानमंत्री.आपातकाल**

प्रधानमंत्री नरेंद्र मोदीले १९७५ को आपातकालको विरोध गर्ने सबै महान पुरुषहरू र महिलाहरूलाई श्रद्धांजलि अर्पित गर्नु भएको छ। एउटा सामाजिक संजाल पोस्चमाए श्री मोदीले आज भन्नु भएको छ कि यस दिनले याद दिलाउँ कि कसरि कांग्रेस पार्टीले बुनियादी स्वतंत्रतालाई नष्ट गर्यो तथा भारतको त्यस संविधानलाई कुल्ची दियो जसलाई हरेक भारतीयले धेरै सम्मान गर्दछन्।उहाँले अझ भन्नु भयो कि तत्कालीन कांग्रेस सरकारले सबै लोकतांत्रिक सिद्धांतहरूको अवहेलना गर्यो अनि देशलाई नै जेल बनाई दिएको

थियो। श्री मोदीले भन्नु भयो जुन व्यक्तिहरूले आपातकाल लगाएए उनिहरूलाई संविधान प्रति प्रेम झल्काउने कुनै अधिकार नै छैन। उहाँले थप भन्नु भयो - यिनिहरू त्यही व्यक्तिहरू हुन जसले अनेक अवसरहरूमा अनुच्छेद ३५६ लगाएर निर्वाचित सरकारहरूलाई बर्खास्त गरेए प्रेसको स्वतंत्रतालाई नष्ट गरका लागि विधेयक सम्म ल्याएए संघवादलाई नष्ट गरे अनि संविधानको हरेक पक्षको घोर उल्लंघन गरे। प्रधानमंत्रीले आरोप लगाउनु भयो कि जुन मानसिकताले गर्दा आपातकाल लगाइयोए त्यो मानसिकता सो पार्टीमा आज पनि जीवितछ।

****** ० ******

**संशो वित्तमंत्री-बजट पूर्व बैठक**

वित्तमंत्री निर्मला सीतारामनले आज आगामी आम बजट संबंधि सुझाव लिनका लागि नयाँ दिल्लीमा व्यापार तथा सेवा क्षेत्रका प्रतिनिधिहरू सित सातौंए बजट पूर्व परामर्श बैठकको अध्यक्षता गर्नु भयो। यस बजट पूर्व परामर्श बैठकमा केंद्रीय वित्त राज्य मंत्री पंकज चौधरीए मुख्य आर्थिक सलाहकार वीण्अनंत नागेश्वरनए वित्त सचिव टीण्वी सोमनाथनए व्यय विभागका सचिवए आर्थिक कार्य विभागका सचिव र वाणिज्य तथा उद्योग मंत्रालयको उपस्थिति थियो।हिजो सुश्री सीतारामनले व्यापार अनि श्रमिक संगठनहरूका प्रतिनिधिहरूसित बजट पूर्व बैठक गर्नु भयो। विगत साता वित्तमंत्रीले सबै राज्यहरू र केंद्रशासित प्रदेशहरूका वित्त मंत्रिहरूसित बजट पूर्व बैठक गर्नु भयो। उहाँले किसान संगठनहरू तथा कृषि अर्थशास्त्रिहरूका प्रतिनिधिहरूसित पनि बैठक गर्नु भयो।यस भन्दा अघिए श्रीमती सीतारामनले वित्तीय र पूंजी बाजार क्षेत्रका अग्रणी विशेषज्ञहरूए उद्योगपतिहरू तथा संगठनहरू अनि अग्रणी अर्थशास्त्रिहरूसित पनि बैठक गर्नु भयो।

****** ० ******

**रक्षा.नवाचार**

रक्षा क्षेत्रमा उत्कृष्टताका लागि नवाचार योजना . आईडीईएक्स अंतर्गत आज नयाँ दिल्लीमा स्पेसपिक्सेल टेक्नोलोजीज प्राइवेट लिमिटेड सँग ३५० औं सम्झौतामा हस्ताक्षर गरिएको छ। यो सम्झौता १५० किलोग्राम वजनको इलेक्ट्रो. ऑप्टिकलए इन्फ्रारेडए सिंथेटिक एपर्चर रडार र हाइपरस्पेक्ट्रल पेलोड लान सक्षम सानो उपग्रहको डिजाइन र विकासको लागि गरिएको छ । रक्षा सचिव गिरिधर अरमाने औ मंत्रालय को अन्य वरिष्ठ अधिकारिहरुको उपस्थितिमा अतिरिक्त सचिव ;रक्षा उत्पादनद्ध अनुराग बाजपेयी र स्पेसपिक्सल टेक्नोलोजीजको संस्थापक अवैस अहमद नदीम अल्दुरीले सम्झौतालाई आदान. प्रदान गर्नु भयो। श्री अरमानेले यस अवसरमा प्रौद्योगिकीको क्षेत्र बढाउने र राष्ट्र को सुरक्षाको लागि रक्षा नवाचारको क्षेत्रमा कार्य गर्ने हरुको अटल प्रतिबद्धताको प्रशंसा गर्नु भयो। हाम्रो संवाददाताले बताए अनुसार ३५० औं आईडीईएक्स सम्झौता ले अंतरिक्ष इलेक्ट्रॉनिक्सको क्षेत्र मा नवाचारलाई प्रोत्साहन पाउनेछ।

****** ० ******

**दिल्ली- जल संकट**

पछिलो केहि दिनमा दिल्लीकोकेहि क्षेत्र हरुमा वर्षा भएता पनि मानिसहरुले जल संकटको सामना गर्नुपरि रहेका छन् । जल संकटबाट प्रभावित क्षेत्रहरुमा मयूर विहार फेज 1, ओखला, गीता कॉलोनी, वसंत विहार, पटेल नगर, संजय कॉलोनी, महरौली, विकास पुरी, मोती नगर, छतरपुर, संजय कॉलोनी, वसंत कुंज, चाणक्यपुरी, कृष्णा नगर अनि नरेला शामिल छन्। दिल्लीको जल मंत्री आतिशीले शूगर को स्तर कम भएर लोक नायक अस्पतालमा भर्ती भएपछि अनिश्चितकालीन भोक हड़ताल आज स्थगित गरेकी छन्। एक संवाददाता सम्मेलनलाई संबोधित गर्दै आम आदमी पार्टीका नेता अनि राज्यसभा सांसद संजय सिंहले बताउनुभयो कि श्रीमती आतिशी अस्पतालमा भर्ती भएपनी पार्टीले यस मुद्दालाई उठाई रहनेछ । उहाँले बताउनुभयो आम आदमी पार्टीले प्रधानमंत्री नरेंद्र मोदीलाई पत्र लेखेर उहाँको ध्यान आकर्षित गर्नेछ अनि अधिक पानीको मांग गर्नेछ। यस बीच, भाजपाले दिल्ली सरकार माथि पलटवार गर्दै आरोप लगाएको छ कि श्रीमती आतिशीको सत्याग्रह विफल हुनेनै थियो किनभने यो झूठमा आधारित

थियो। दिल्ली भाजपा अध्यक्ष वीरेंद्र सचदेवाले आरोप लगाउनुभएको छ कि आप सरकारले भोक हड़तालको प्रयोग आफ्नु जिम्मेदारी हरु बाट बच्नका लागि गरेका हुन् । उहाँले भन्नुभयो कि हड़तालको प्रयोग निजी हितहरुलाई पूरा गर्न, घोटाला बाट बचान अनि भ्रष्टाचार जारी राख्नका लागी गरिएको हो।

****** ० ******

**सीबीआई नीट**

केन्द्रिय जाँच व्यूरोले बिहार, गुजरात अनि राजस्थानमा राष्ट्रिय पात्रता सह प्रवेश परीक्षा नीट यूजीमा कथित अनियिमतताहरूको पाँच मामिलाहरूको जाँच शुरू गरेको छ। जाँच व्यूरोले गुजरात अनि बिहारमा नयाँ रूपमा एक-एक मामिला दर्ता गरेको छ। राजस्थानमा पनि तीन मामलाहरू दर्ता गरिएको छ। सीबीआई ले महराष्ट्रको लातूर को एक अन्य मामलामा पनि जाँच गर्ने संभावना रहेको छ। अधिकारीहरू अनुसार बिहारमा कथित रूपमा प्रश्न पत्र लीकको सम्बन्घमा बिहार पुलिसले दर्ता गरको थियो। यसको साथै अन्य चार मामिलाहरू परीक्षार्थीको जगहमा अन्यले परी क्षा दिने अनि परीक्षार्थीहरू स्थानीय अधिकारीहरू तथा परीक्षा केन्द्रमा डयूटी गर्ने मानिसहरूको कदाचार सित सम्बन्धित कथित धांधलीसित जुड़ेका छन्। स्मरण रहोस नीट यसू.जी को परिणाम यसै महिनाको ४ तारिख घोषणा भएको थियो। जसमा ६७ अभ्यार्थीहरू अधिकतम ७२० अंक प्राप्त गरेर शीर्ष स्थान रहेका थिए, जसलाई लिएर परीक्षामा गड़बड़ी भएको कुरा प्रकाशमा आएको थियो।

****** ० ******

**जोशी आईएसओ बैठक**

केंद्रीय उपभोक्ता कार्य, खाद्य अनि सार्वजनिक वितरण मंत्री प्रह्लाद जोशीले उखुको टिकाऊ अनि विविध उत्पादनको लागी वैश्विक सहयोगको आह्वान गर्नुभएको छ। दिल्लीमा ६४ओं अंतर्राष्ट्रीय उखु संगठन.आईएसओ परिषद बैठक अवधि एक कार्यशालालाई संबोधित गर्नुहुदै श्री जोशीले भन्नुभयो कुनै योजनाको कार्यान्वयन गर्दा उपभोक्ताए किसानहरु अनि उद्योगको हितमा संतुलन स्थापित गर्न आवश्यक छ। उहाँले कार्यशालाका सदस्यहरुलाई एकजुट हुने आग्रह पनि गर्नुभयो।उहाँले कम्ती पानीको प्रयोग अनि अधिकतम उपयोगी फसलहरुको उत्पादन गर्ने आग्रह गर्नुभयो। श्री जोशीले अझ भन्नुभयो स्वच्छ ईंधन उत्पादित गर्ने क्षमताका कारण उखुको मूल्य एक नयाँ ऊंचाई सम्म पुगेक छ । मीडिया सँगको बातचीतमा श्री जोशीले आशा व्यक्त गर्नुभयो कि भारतले अंतर्राष्ट्रीय उखु संगठनको बैठकको मेजबानी १२ वर्ष पछी गरि रहेको छ । यस बैठकमा किसानहरुको कल्याणए उपभोक्ता कल्याण अनि जल संरक्षण माथी नयाँ विचारहरुमा मंथन गरिनेछ। ६४ओ आईएसओ को बैठकको मेजबानी नयाँ दिल्लीमा गरिएको छ । यस तीन दिवसीय बैठकमा तीस भन्दा अधिक देश अनि अन्य धेरै अंतर्राष्ट्रीय संगठनका प्रतिनिधिहरुए उखु अनि जैव ईंधन क्षेत्रको महत्वपूर्ण मुद्दा माथी विचार. विमर्श गर्न सहभागी हुनेछन् ।

****** ० ******

**यूपी-मायावती**

बहुजन समाज पार्टी प्रमुख मायावतीले भन्नुभएको छ कि सत्तारूढ़ भाजपा अनि कांग्रेस बीच आंतरिक मिलीभगत छ अनि संविधानलाई बचाऊनको लागी उनको आह्वान बेरोजगारी अनि गरीबी जस्ता गंभीर मुद्दहरु बाट जनताको ध्यान हटाउने एक प्रयास हो किनभने भाजपा अनि कांग्रेस दुवैले ने एक-अर्का माथी संविधानलाई कुल्चिने आरोप लागेको छ। हाम्रो सम्बाददाताले बताए अनुसार आज लखनऊमा मीडियाहरु संग कुराकानी गर्नुहुदै मायावतीले भन्नुभयो यसमा कुनै सन्देह छैन कि संसदको भित्र अनि बाहिर सत्ता पक्ष अनि विपक्ष बीच संविधानको प्रति दिखाउने होड़ लागेको छ। यी सबै एकै सिक्काको दुइ पहलू प्रतीत हुन्छ अनि उनीहरुको सोच पनि लगभग एक सम्मान छन् साथै यी दुवै मिलेर अब संविधानमा संशोधनको माध्यमले यस लाई धेरै हद सम्म जातिवादी, सांप्रदायिक अनि पूंजीवादी संविधान बनेको छ।

****** ० **

**उप राष्ट्रपति-सुनेत्रा पवार**

उपराष्ट्रपति अनि राज्यसभाको सभापति जगदीप धनखड़ले आज संसद भवनमा राज्यसभाकी नवनिर्वाचित सदस्य सुनेत्रा अजीत पवारलाई शपथ ग्रहण गरउनुभयो। यस अवसरमा सूचना एवं प्रसारण राज्य मंत्री एल. मुरुगन अनि राज्यसभाको उपसभापति हरिवंश पनि उपस्थित थिए।

****** ० ******

**महाराष्ट्र एकनाथ शिन्दे**

महाराष्ट्रका मुख्यमन्त्री एकनाथ शिन्देले हिजो राज्यको भंडारा जिल्लामा ५४७ करोड रुपैयाँको विभिन्न विकास कार्यको भूमिपूजन गर्नुभयो। यी परियोजनाहरूमा अमृत योजना अन्तर्गत पहिलो चरणको जलपर्यटन केन्द्रए भूमिगत ढल योजना र भण्डारा र पवनीको झिलको सौन्दर्यीकरण समावेश छ । यस अवसरमा श्री शिन्देले जल पर्यटन परियोजनाका लागि १२० करोड रुपैयाँ आवंटन गरिएको बताउनु भयो।

****** ० ******

**जम्मू काश्मीर**

जम्मू काश्मीर पुलिस महानिरीक्ष वी.के विरीले हिज श्री नगरमा एक बैठकको अवधि श्री अमननाथ यात्राको शान्तिपूर्ण संचालनको व्यवस्थाको निरीक्षण गर्नुभयो। यस अविधि अध्किारीहरूलाई निद्रोन दिँदै वी.के बिरदीले सुरक्षा प्रयासहरूको समन्वय पचािलन हुने आपातका स्थितिहरूको प्रबन्ज्ञधमा एकीकृत दृष्टिकोण सुनिश्चित गर्नको निम्ति तैयार गरिएको एस ओ पी को जाँच गर्नुभयो। उहाँले राजमार्गहरूमा गस्ती अनि निगरानीको अपवश्यकतामाथि जोड़ दिँदै गस्ती दलको तैनाथी र परिचालन तैयारीहरूबारे समीक्षा गर्नुभयो। यसको साथै विरदीले रात्रिको समय कुनै अप्रिय घटना हुन नदिन सुरक्षा व्यवस्था बनाउन अध्किारीहरूलाई निर्देशन दिनुभयो।

****** ० ******

**असांजे रिहा**

विकिलीक्सका संस्थापक जूलियन असांजेलाई अमरीकी अधिकारिहरु सँगको समझौता पछि ब्रिटेनको जेल बाट रिहा गरिएको छ। यसमा असांजेलाई राष्ट्रीय रक्षा जानकारी प्राप्त गर्ने अनि त्यसको खुलासा गरेको आपराधिक आरोपमा दोषी ठहराइने छ। विकिलीक्सले सोशल मीडिया पोस्टमा भनेको छ कि जेलमा पांच बर्ष भन्दा अधिक समय बिताए पछि लण्डन उच्च न्यायालयले असांजेलाई जमानत दिएको छ।

****** ० ******

**आईसीसी टी–२० विश्वकप**

किङ्स्टनए सेन्ट भिन्सेन्टमा भएको पुरुष आईसीसी टी–२० विश्वकप म्याचमा आज अफगानिस्तानले बंगलादेशलाई डकवर्थ लुइस पद्धतिको प्रयोग गरी ८ रनले पराजित गरेको छ । यो जितसँगै सेमिफाइनल पुग्ने चौथो टिम बनेको छ । सेमिफाइनल पुग्ने अन्य तीन टिम भारतए इंग्ल्याण्ड र दक्षिण अफ्रिका छन् ।अफगानिस्तानका मिडियम फास्ट बलर नवीन उल हकले चार विकेट लिएर अफगानिस्तानलाई जित दिलाए। उनीलाई प्लेयर अफ द म्याच घोषित गरियो । अफगानिस्तानले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो । अफगानिस्तानले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर ११५ रन बनाएको थियो । वर्षाका कारण दुई पटक रोकिएको खेल १९ ओभरमा ११४ रनमा सीमित भएको थियो ।बिहीबार गुयानामा हुने सेमिफाइनलमा भारतले पछिलो वर्षका विजेता इंग्ल्याण्डको सामना गर्नेछ ।

****** ० ******